आ.व. २०८१/०८२

बैठक संख्या ९

आज मिति २०८१/१०/१३ गते आइतवारका दिन दिँउसो १:०० बजे यस रामपुर नगर कार्यपालिकाको नवौ कार्यपालिका बैठक नगर प्रमुख श्री रमण बहादुर थापाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा तपसिल अनुसारको निर्णय गरियो।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री रमण वहादुर थापा | नगर प्रमुख | |
| २ | श्री बाल कुमारी थापा | नगर उपप्रमुख | |
| ३ | श्री कपिल बहादुर खाँण | वडाध्यक्ष | |
| ४ | श्री कृष्ण बहादुर दर्जी | वडाध्यक्ष | |
| ५ | श्री दामोदर पाठक | वडाध्यक्ष | |
| ६ | श्री राम बहादुर राना | वडाध्यक्ष | |
| ७ | श्री दुर्गा प्रसाद पोखेल | वडाध्यक्ष | |
| ८ | श्री दिवाकर देवकोटा | वडाध्यक्ष | |
| ९ | श्री दोवराज तिवारी | वडाध्यक्ष | |
| १० | श्री दिनेश आचार्य | वडाध्यक्ष | |
| ११ | श्री डिल वहादुर राना | वडाध्यक्ष | |
| १२ | श्री तोयानाथ सारु थापा | वडाध्यक्ष | |
| १३ | श्री देवका पोखेल | कार्यपालिका सदस्य | |
| १४ | श्री सीमा देवि थापा | कार्यपालिका सदस्य | |
| १५ | श्री माया देवी नेपाली | कार्यपालिका सदस्य | |
| १६ | श्री शारदा आचार्य | कार्यपालिका सदस्य | |
| १७ | श्री दुर्गा देवी भण्डारी गौतम | कार्यपालिका सदस्य | |
| १८ | श्री गोपाल कुमाल | कार्यपालिका सदस्य | |
| १९ | श्री यम बहादुर भुजेल घर्ती | कार्यपालिका सदस्य | |
| २० | श्री भविश्वर कुमाल | कार्यपालिका सदस्य | |
| २१ | श्री सुर्य दर्शन पण्डित | सदस्य सचिव | |

CamScanner

## रामपुर नगरपालिकाको आ.व. २०८१/०८२ को नवौ कार्यपालिकाको बैठकका

### प्रस्तावहरु

१. नगर सभाको समिक्षा ।

२. नदीजन्य पदार्थको प्रारम्भिक वातावरणीय अध्ययन(IEE) प्रतिवेदन प्रस्तुत तथा छलफल सम्बन्धमा ।

३. योजना सम्झौता र कार्यान्वयन सम्बन्धमा ।

४. अध्ययन अवलोकन भ्रमण सम्बन्धमा ।

५. विविध

### निर्णयहरु

१. मिति २०८१/०९/२५ गते बसेको नगर सभाको १६ औ अधिवेशनको बैठकको समिक्षा तपसिल बमोजिम गरियो ।

१. रामपुर नगरपालिकाको स्थानीय युवा परिषद ऐन २०८० मा तपसिल बमोजिम संशोधन गर्ने निर्णय सर्वसम्मतबाट पारित गरिएको ।

रामपुर नगरपालिकाको स्थानीय युवा परिषद ऐन २०८० मा संशोधनको विवरण

१) दफा (५) ऐनको दफा (५) को उपदफा (१) खण्ड (ख) का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तीर्ण भएको तथा युवाको हक, हितको संरक्षण, सम्वर्धन वा युवा विकास र परिचालनको क्षेत्रमा कम्तीमा पाँच बर्ष काम गरेका प्रतिष्ठित युवा मध्येबाट उपाध्यक्षको पदमा नियुक्ति गर्नुपर्नेछ । स्थानीय तहको क्षेत्रभित्र मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+२ वा सोसरह उत्तीर्ण गरेको युवालाई मनोनयन गर्न सकिनेछ । भन्ने व्यवस्था रहेकोमा

*दफा (५) ऐनको दफा (५) को उपदफा (१) खण्ड (ख) का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तीर्ण भएको तथा युवाको हक, हितको संरक्षण, सम्वर्धन वा युवा विकास र परिचालनको क्षेत्रमा कम्तीमा पाँच बर्ष काम गरेका प्रतिष्ठित युवा मध्येबाट उपाध्यक्षको पदमा नियुक्ति गर्नुपर्नेछ । भनी उल्लेख गर्ने ।*

२) दफा १६ को उपदफा (२) उपाध्यक्षले प्रचलित नियम अनुसार मासिक तलब र बैठक भत्ता पाउनेछ भन्ने व्यवस्था रहेकोमा

*उपाध्यक्षले कार्यपालिकाको निर्णयानुसार मासिक सेवा सुविधा पाउनेछ भनी उल्लेख गर्ने*

३) दफा १८ को उपदफा १ मा परिषद्को कार्यसञ्चालनलाई सम्पादन गर्न नगर कार्यपालिकाले आवश्यकता अनुसार स्थायी कर्मचारी र एकजना कार्यालय सहयोगीलाई खटाउन सक्नेछ ।भन्ने व्यवस्था रहेकोमा,

परिषद्को कार्यसञ्चालनलाई सम्पादन गर्न नगर कार्यपालिकाको निर्णयानुसार आवश्यक कर्मचारी खटाउन सक्नेछ ।

२. आ.व. २०८१/०८२ मा विनियोजन गरिएका योजनाहरुको रकमान्तर र शिर्षकान्तर संशोधनको सम्बन्धमा प्रस्तुत भई सर्वसम्मतबाट पारित गरी सुत्रमा प्रविष्टिको चरणमा रहेको ।

३. रामपुर नगरपालिका नगर कार्यपालिकाको मिति २०८१/०९/२२ गतेको नगर कार्यपालिका बैठकबाट अनुमोदित नगरपालिकाको आ.व. २०८०/०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन(LISA) को जम्मा प्राप्त अंकभार जिल्ला समन्वय समितिको कार्यालय तानसेन, पाल्पाबाट पृष्णपोषण पश्चात तपसिल बमोजिमको विषयक्षेत्रमा तपसिल बमोजिमको प्रतिशत अंकभार प्राप्त भएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

तपसिलः

| क्र.स | बिषय क्षेत्र | अङ्क भार | प्रासङ्क | प्रासाङ्क(प्रतिशत) | कैफियत |
|---|---|---|---|---|---|
| १ | शासकीय प्रवन्ध | ९ | ८ | ८८.८९ | |
| २ | संगठन तथा प्रशासन | ८ | ७.२५ | ९०.६३ | |
| ३ | बार्षिक बजेट तथा योजना व्यस्थापन | ११ | ८.५ | ७७.२७ | |
| ४ | वित्तीय एवम् आर्थिक व्यवस्थापन | ११ | ८.७५ | ७९.५५ | |
| ५ | सार्वजनिक सेवा प्रवाह | १६ | १५ | ९३.७५ | |
| ६ | न्यायिक कार्य सम्पादन | ७ | ७ | १०० | |
| ७ | भौतिक पूर्वाधार | १३ | १० | ७६.९२ | |
| ८ | सामाजिक समावेशीकरण | १० | ९ | ९० | |
| ९ | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ९ | ५.५ | ६१.११ | |
| १० | सहकार्य र समन्वय | ६ | ६ | १०० | |
| | कुल जम्मा | १०० | ८५ | ८५ | |

विगत ५ वर्ष देखिको नतिजाः

| आ.व. | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ |
|---|---|---|---|---|---|
| प्रासाङ्क | ३० | ६०.५ | ६१.५ | ८०.२५ | ८५ |

४. रामपुर नगरपालिकाले आ.व २०८०/०८१ मा सम्पादन गरेका कामकारवाहीको वित्तीय प्रणाली व्यवस्थित, पारदर्शी, विधिसम्मत र प्रभावकारी बनाउनका लागि स्थानीय वित्त व्यवस्थापनका सम्भावित जोखिमका क्षेत्रहरुको पहिचान गरी त्यसको लेखाजोखाको माध्यमबाट नगरपालिकाको वित्तीय सुशासनलाई संस्थागत गर्न वान्छनीय भएकोले स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ बमोजिम जिल्ला समन्वय समितिमा पृष्ठपोषणका लागि ८५ अंक पठाइएको ।

विगत ४ वर्ष देखिको नतिजाः

| आ.व. | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ |
|---|---|---|---|---|
| प्रासाङ्क | ४७ | ६३.५ | ६६ | ८५ |

५. रामपुर नगरपालिका अन्तर्गत सेवा करारमा कार्यरत कर्मचारीहरुको करार म्याद पुष मसान्त सम्म सकिने हुदा सम्पूर्ण कर्मचारीहरुको करार म्याद २०८२ असार मसान्तसम्म थप गर्ने निर्णय गरिएको ।

६. आ.व. २०८१/०८२ मा हाल सम्म ८ वटा कार्यपालिका बैठक बसिएकोमा सम्पूर्ण बैठकका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरिएको ।

७. आ.व. २०८१/०८२ का लागि विनियोजित वार्षिक योजना तथा बजेट बमोजिम र कार्यपालिका बैठकको निर्णयानुसार नगर प्रमुखज्यू स्तरबाट र प्रमुख प्रशासकीय अधिकृत स्तरबाट भएका निर्णयानुसारका खर्चहरु, विपद व्यवस्थापन, नगरस्तरीय मर्मत तथा निर्माण, नगरस्तरीय खानेपानी निर्माण तथा मर्मत, विविध खर्च, विविध कार्यक्रम खर्च, विभिन्न संघ, संस्थालाई आर्थिक सहायता, आ.व. २०८१/०८२ मा कार्यालयको कामकाजले नगर प्रमुखज्यू जिल्ला भन्दा बाहिर जानुभएको भ्रमण, जनप्रतिनिधि सुविधा, कर्मचारी सेवा सुविधा, योजना तथा कार्यक्रम लगायतका अन्य विभिन्न भुक्तानी, अख्तियार, महालेखा परीक्षकको कार्यालय लगायत अन्य कार्यालयबाट प्राप्त भएका परिपत्रको कार्यान्वयन अनुमोदन तथा स्वीकृत गर्ने निर्णय गरिएको ।

८. रामपुर नगरपालिका अन्तर्गत तपसिल बमोजिमका कर्मचारी र खेलाडीलाई सम्मान गरिएको ।

| क्र.सं. | नाम, थर | पद | ठेगाना | रकम(रु) | शीर्षक |
|---|---|---|---|---|---|
| १ | ईन्द्र बहादुर अर्याल | पूर्व कर्मचारी | रा.न.पा-१, पाल्पा | २,९९,१६०.८८/- | कर्मचारी कल्याण कोष |
| २ | विप्लप गुरुङ्ग | U-19 राष्ट्रिय फुटवल खेलाडी | रा.न.पा-७, पाल्पा | ५०,०००/- | प्रोत्साहन तथा पुरस्कार |

९. नगर प्रमुखज्यू स्तरबाट र प्रमुख प्रशासकीय अधिकृत स्तरबाट भएका नगरपालिकाको विनियोजन ऐन र कार्यपालिकाका निर्णयानुसार योजना, कार्यक्रमहरुमा भएका खर्चहरु अनुमोदन गर्ने निर्णय गरिएको ।

२. निर्णय नं. २, प्रस्ताव नं. २ माथि छलफल गर्दा निर्भाना अल्ट्राटेक इन्जिनियरिङ्ग सोलुसन प्रा.लि.द्वारा गरिएको कालीगण्डकी नदीबाट दिगो रुपमा ढुङ्गा, गिट्टी र बालुवा उत्खनन तथा संकलन कार्यको लागि तयार गरिएको प्रारम्भिक वातावारणीय अध्ययन (IEE) अध्ययन प्रतिवेदन माथि छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो साथै रामपुर नगरपालिका वडा नं. १० स्थित बर्दीखोलाघाट र वडा नं.८ स्थित अम्दाहाघाट नियमानुसार राजस्व लिने गरी वडा कार्यालय तथा इलाका प्रहरी कार्यालयसँग समन्वय गर्ने गरी नगर प्रहरीको निगरानीमा उक्त कार्य गर्ने निर्णय गरियो ।

३. निर्णय नं. ३, प्रस्ताव नं. ३ माथि छलफल गर्दा रामपुर नगरपालिका नगर सभाको १६ औ अधिवेशनबाट रकमान्तर र शीर्षकान्तर भएका योजनाहरुको कार्यान्वयन सम्बन्धमा माघ २५ गते सम्म उपभोक्ता समिति गठन माघ मसान्त सम्म योजना इस्टिमेट सम्पन्न र फागुन १० गते सम्म योजना सम्झौता कार्य सम्पन्न गर्ने गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

४. निर्णय नं. ४, प्रस्ताव नं. ४ माथि छलफल गर्दा 'अध्ययन अवलोकन भ्रमण' भन्ने वित्तिकै घुम्ने काम वा घुमाई भन्ने बुझिन्छ । कुनै नयाँ स्थानमा गएर नयाँ नयाँ अनुभवहरु सँगाल्ने र त्यस क्षेत्रमा भए गरेका सकरात्मक कार्यहरु र अनुभवहरु बारे सिक्ने तथा त्यस अनुरुप व्यवहारिक रुपमा लागू गर्नका लागि सक्षम बन्न सक्ने वातावरण अध्ययन अवलोन भ्रमणले सिर्जना गर्ने गर्दछ । सोही कुरालाई मध्यनजर गरी अध्ययन अवलोन भ्रमणको लागि यस रामपुर नगरपालिका अन्तर्गतका वडा सदस्यज्यूहरु, जनप्रतिनिधिज्यू र कर्मचारीहरु अध्ययन अवलोकन भ्रमणमा जाने निर्णय गरियो ।

५. निर्णय नं. ५, प्रस्ताव नं. ५ माथि छलफल गर्दा रामपुर नगरपालिका अन्तर्गत किसानबारी-बहखोला-बेलडाँडा बाटोको सडकको मापदण्ड १४ मी. हुने गरी निर्धारण गर्ने निर्णय गरियो ।

६. निर्णय नं. ६, प्रस्ताव नं. ५ माथि छलफल गर्दा श्री निम्वार्क निकुञ्ज राधाकृष्ण मन्दिर, चापकोट न.पा-८ को च.नं. ०२२, पत्र संख्या २०८१/०८२, मिति २०८१/१०/१२ गतेको पत्रानुसार उक्त मन्दिरमा मिति २०८१/०८/२२ गते दखी २०८१/०८/३० गते सम्म संचालित श्रीमद् भागवत धन धान्याञ्चल सप्ताह ज्ञान महायज्ञमा रामपुर नगरपालिको तर्फबाट महायज्ञ सफलताको शुभकामना सहित मन्दिरको विकासको लागि रु १,००,०००/-(रु एक लाख) रुपैया सहयोगको लागि उक्त मन्दिरका सचिव राजु भट्टराईले सहयोगका लागि निवेदन पेस गरेकोमा पर्यटन महोत्सव संचालन तथा एतिहासिक पौराणीक र पुरातात्विक धार्मिक स्थलहरुको संरक्षण र प्रवर्द्धन शीर्षकबाट कट्टा हुने गरी रु १,००,०००/-(रु एक लाख) उपलब्ध गराउने निर्णय गरियो ।

७. निर्णय नं. ७, प्रस्ताव नं. ५ माथि छलफल गर्दा विवेक एण्ड कुवेर जे.भी. वालिङ-५, स्याङ्जाको मिति २०८१/१०/०९ गतेको पत्रानुसार ठेक्का नं. UDBOP-NCB-work—080/081-36 को निर्माण कार्यको लागि आवश्यक पर्ने निर्माण सामाग्री (ढुंगा, ग्रावेल, बालुवा) यस नगरपालिकाबाट निर्णय भएको घाट(खयरबोट)बाट उक्त कम्पनीले राजस्व दाखिला गरी निकासी गरिएको १००० घ.मी. निर्माण सामाग्री(पागो) गुणस्तरीय नभएको र निर्माणका लागि प्रयोग गर्न योग्य नभएको भनी ल्याब रिपोर्ट पेस गरी उक्त कम्पनीलाई चाहिने निर्माण सामाग्री पुन अन्य घाटबाट ५००० घ.मी. सहजीकरण गरिदिनुहुन भनी निवेदन पेस गरेकोले प्रारम्भिक वातावरणीय अध्ययन(IEE) भई ठेक्का प्रक्रिया मार्फत यस कार्यालय र निर्माण व्यवसायी मोबाइल निर्माण सेवा बिच सम्झौता भएको मठारघाटबाट १५०० घ.मी. र यस कार्यालय र निर्माण व्यवसायी गह्रौकालि कन्स्ट्रक्सन प्रा.लि. बिच सम्झौता भएको भलायटारघाटबाट ३५०० घ.मी. ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा ४ बमोजिम तथा प्रारम्भिक वातावरणीय अध्ययन(**IEE**) प्रतिवेदनको बिषय सूचीको बुदा नं.२ र २.५.१(२,४) मा उल्लेख भएको नियम अनुसार सार्वजनिक

बिकास निर्माणको लागि हेभी मेसिन प्रयोग गरी ईलाका प्रशासन कार्यालय, ईलाका प्रहरी कार्यालयको समन्वयमा नगर प्रहरी तथा वडा कार्यालयको रेखदेखमा प्रयोग गर्न अनुमति दिने निर्णय गरियो ।

८. निर्णय नं. ८, प्रस्ताव नं. ५ माथि छलफल गर्दा तपसिल बमोजिमको विवरण भएका व्यक्तिलाई तपसिल बमोजिमको शिर्षकबाट कट्टा हुने गरी सहयोग गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | नामथर | वडा नं. | विवरण | राहत लिएको रकम | शिर्षक |
|---|---|---|---|---|---|
| १ | सीता देवी भट्टराई | रा.न.पा-३ | निजको छोरी सन्ध्या भट्टराई विगत १३ वर्ष देखी प्राणघातक रोग लुपस आर्थोईटिसबाट ग्रसित रहेको | रु १५,०००/- (रु पन्ध्र हजार मात्र) | विपद व्यवस्थापन कोषबाट |
| २ | मिना कामी | रा.न.पा-८ | निजको छोरा विक्रम कामी वि.क.को रा.न.पा-१० को पानसय खोला नजिक सडक दुर्घटनामा परी घाइते भएको निजको आर्थिक अवस्था कमजोर | रु २५,०००/- (रु पच्चीस हजार मात्र) | विपद व्यवस्थापन कोषबाट |
| ३ | बोला कुमारी न्यौपाने | रा.न.पा-८ | निजको नाति अश्विन न्यौपानेको देब्रे कान कुहिएर भित्री हड्डी कुहिदै गएको | रु १०,०००/-(रु दश हजार मात्र) | आर्थिक सहायता(औषधी उपचार खर्च लगायत अन्य) |

९. निर्णय नं. ९, प्रस्ताव नं. ५ माथि छलफल गर्दा रामपुर नगरपालिकामा रहेका कुल २५९ वटा प्रा.वि दरबन्दीमध्ये ६ वटा दरबन्दी बढी भएको र उक्त दरबन्दी मिलान गर्नुपर्ने शिक्षा विकास तथा समन्वय इकाई तानसेन बाट प्राप्त सुचना अनुसार हाललाई तपसिल अनुसारका विद्यालयका तपसिलका दरबन्दी रिक्त राखी मिलान गर्ने र शैक्षिक सत्रको अन्त्यमा नगरपालिका भित्र आन्तरिक मिलान गरि विद्यार्थी संख्या कम भएका विद्यालयको दरबन्दी हेरफेर गरि हाल रिक्त भएका विद्यालयमा मिलान गर्ने निर्णय गरियो ।

| क्र.स. | दरबन्दी रिक्त भएका विद्यालय | रिक्त दरबन्दी संख्या |
|---|---|---|
| १ | श्री गंगा माध्यमिक विद्यालय रामपुर-८,पाल्पा | २ |
| २ | श्री दरैठाटी माध्यमिक विद्यालय रामपुर-६,पाल्पा | १ |
| ३ | श्री रामपुर आधारभुत विद्यालय रामपुर-५,पाल्पा | १ |

CS CamScanner